**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २४ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख २४ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार वैशाख २४ गते गण्डकी प्रदेशमा थप २५ जनाको स्वाब परीक्षणको लागि नमूना सङकलन गरिएको छ । प्रदेशमा हाल सम्म कुल ६ सय ८५ जनाको स्वाब परीक्षण गरिएको छ भने ६ सय ५८ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । २५ जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ । गण्डकी प्रदेशमा वैशाख २४ गते सम्म कुल ६ हजार ३ सय ४७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार गण्डकी प्रदेशको मुख्य प्रवेशद्वार तनहुँको आबुखैरेनी गाउँपालिका-४ पुलजिपमा स्थापना गरिएको हेल्थ डेस्क र अस्थायी प्रहरी पोष्टको वैशाख २४ गते गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानले निरीक्षण गर्नुभयो । सरकारले लागु गरेको लकडाउनलाई प्रभावकारी कार्यान्वयन गर्न राखिएको अस्थायी प्रहरी पोष्ट तथा गण्डकी प्रदेशमा भित्रिने यात्रुहरुको स्वास्थ्य परीक्षणकोलागि स्थापना गरिएको हेल्थ डेस्कको निरीक्षण गर्दै मन्त्री चुमानले सिङ्गो मुलुक कोरोना भाइरससँग जुधिरहेको अवस्थामा सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीको योगदान अतुलनीय रहेको बताउनुभयो ।
कोरोना भाइरसबाट बच्ने मुख्य उपाय भनेको लकडाउनको कार्यान्वयन र परीक्षण रहेको हुँदा सबैले आआफ्नो क्षेत्रबाट यसमा योगदान दिनुपर्ने बताउनुभयो । मन्त्री चुमानले मुग्लिङको पुलजिपमा अहिले अस्थायी रुपमा राखिएको प्रहरी पोष्टलाई भविष्यमा पनि निरन्तरता दिन सकिने बारेमा सम्भवतः अध्ययन गरिने बताउनुभयो । उक्त अस्थायी प्रहरी पोष्टलाई स्थायी बनाउन सकेमा यात्रुहरुको थप सुरक्षा गर्न सकिने उहाँको भनाइ थियो ।
आबुँखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले उक्त नाका हुँदै गण्डकी प्रदेश भित्रिने सबै यात्रुहरुको विवरण राखिएको र सम्भव भएसम्मको ज्वँरो मापन गरिएको बताउनुभयो । उहाँले प्रदेश भित्रिने सवारी साधनलाई सेनेटाइज गरेर मात्र जान दिइने व्यवस्था मिलाइएको बताउनुभयो । इलाका प्रहरी कार्यालय आबुँखैरेनीका इन्चार्ज प्रहरी निरीक्षक बुद्धिप्रसाद सुवेदीले प्रदेश भित्रिने सबै सवारी साधन र यात्रुहरुको कडा निगरानी गरिएको जानकारी दिनुभयो ।
त्यस्तै शुक्लगण्डकी नगरपालिकाले समस्यामा परेका नागरिकलाई श्रममा आधारित राहत वितरण गर्ने जनाएको छ । यस्ता नागरिकले वडाले निर्धारण गरेको श्रम गरे उनीहरुको लागि आवश्यक पर्ने खाद्यान्न तथा नगद राहत उपलब्ध गराइने जनाएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले अब बिना काम राहत दिने भन्दा पनि श्रम वापतको राहत उपलब्ध गराइने बताउनुभयो । यसरी राहत उपलब्ध गराउदा श्रमिकलाई पनि सजिलो हुने र नगरपालिकाको पनि अनावश्यक खर्च नहुने उहाँले बताउनुभयो ।
जिल्लाका आधारभुत तहको परिक्षाको नतिजा वैशाख २३ गते सार्वजनिक गरिएको छ । सबै विद्यालयले डिजिटल सूचना प्रकाशन गरी नतिजा प्रकाशन गरिएको जनाएका छन् । परीक्षाफल कक्षा शिक्षक मार्फत विद्यार्थीलाई उपलब्ध गराइने र लकडाउन खुलेपछि मात्र लेजर उपलब्ध गराइने शुक्लागण्डकी नगरपालिकाको खैरेनी माविका प्रधानाध्यापक  केशव घिमिरेले बताउनुभयो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि  सिर्जना पन्त**का अनुसार कोरोना भाइरस (कोभिड १९)को रोकथाम तथा नियन्त्रणका लागि जिल्लाको ढोरपाटन नगरपालिकामा थप कडाइ गरिने भएको छ । जारी लकडाउनका समयमा नगरपालिकामा बाहिरबाट आउने मानिसहरुको आवागमन पूर्ण रुपमा बन्द गरिने भएको छ । नगर प्रमुख देव कुमार नेपालीको अध्यक्षतामा बसेको सरोकारवालाहरुको विशेष बैठकले उक्त निर्णय गरेको हो । नगर प्रमुख नेपालीका अनुसार, नगर क्षेत्र भित्र बाहिरबाट आउनेहरुको आवागमन रोक्न नगर भित्रिने सम्पूर्ण नाकाहरु पूर्ण रुपमा बन्द गरिने भएको छ । निर्णयको कडाइका साथ कार्यान्वयन गर्दै तुरतुरे नाका, हुन्द्रफेदी, पाखुट्टे लगायतका नगर भित्रने सबै नाकाहरुमा स्वयंसेवक तथा सुरक्षाकर्मी परिचालन गरिने नगर प्रमुख नेपालीले बताउनुभयो ।
गलकोट नगरपालिका वडा नम्बर २ नरेठाटी बजार, वडा नम्बर ५ हरिचौर बजार र वडा नम्बर ८ काँडेबास बजारमा ढल व्यवस्थापनसँगै खानेपानीको व्यवस्थापनको निम्ति काम भइरहेको गलकोट नगरपालिकाका नगर प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो । गत माघ देखि सञ्चालनमा रहेका यी योजनाहरु कोभिड १९ को सङ्क्रमण फैलिन नदिन नेपाल सरकारले देशमा लकडाउन गरेपछि काम स्थगित भएका थिए । अहिले उच्च सतर्कता अपनाउँदै दैनिक १० जना स्थानीय मजदुरले काम गरिरहेका छन् ।  हाल पक्की नाली निर्माणसँगै आठ इन्च ढलान गरिएको छ ।  नाली निर्माण भएपछि वर्षौ देखिको ढल व्यवस्थापनको समस्या समाधान हुने नरेठाटी बजार ढल व्यवस्थापन तथा स्तरवृद्धि निर्माण उपभोक्ता समितिका अध्यक्ष हुमबहादुर थापाले बताउनुभयो । योजनाको झण्डै ६५ प्रतिशत काम सम्पन्न भइसकेको छ भनें बाँकी काम एक महिनाभित्र सम्पन्न हुने बताइएको छ ।
बागलुङ जिल्लामा कृषि पेशामा संलग्न भएकाहरुलाई लकडाउनले गर्दा व्यवसाय सञ्चालनमा समस्या आएको छ । बागलुङको काठेखोला गाउँपालिका-२ बिमिराबोट स्थित बागलुङ पशु स्रोत विकास फर्म तथा दुग्ध उत्पादक सहकारीको गाईफर्ममा लकडाउनको असरले दूध उत्पादनमा गिरावट आएको छ । लकडाउनका कारण उचित स्याहार सुसार तथा गुणस्तरीय आहराको अभावमा दूध उत्पादनमा कमी आएको हो । सात जना कामदार रहेको फर्ममा दूध उत्पादनमा गिरावट आएसँगै कामदार पाल्नै मुश्किल हुन थालेको सहकारीका अध्यक्ष गौतमले जानकारी दिनुभयो ।
त्यसै गरी लकडाउनले गर्दा बजारमा अण्डाको माग घटेपछि अण्डा सप्लायर्सले कम मूल्यमा पाएको अण्डामात्र खरिद गर्न थालेपछि अण्डा उत्पादक कृषक मर्कामा परेको वलेबा वहुउद्देश्यी कृषि तथा पोल्टी उद्योगका सञ्चालक प्रकाश सुवेदी रखालले जानकारी दिनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतका स्वास्थ्य संस्थाहरुमा ज्वँरो नाप्ने यन्त्र थर्मल गनको समस्या भएपछि स्वास्थ्य संस्थाहरुले सहज रुपमा बिरामीहरुलाई सेवा दिन सकेका छैनन् । पर्वतको कुश्मा नगरपालिकाले स्वास्थ्यकर्मीहरुको गुनासो धेरै आएपछि लकडाउनको ४३ औं दिन बैशाख २४ गते मात्रै पर्वतका विभिन्न १३ ओटा स्वास्थ्य संस्थामा थर्मल गन वितरण गरेको छ ।
पर्वतमा लकडाउनको पूर्ण रुपमा पालना हुन नसकेपछि सर्वसाधारणहरुले गुनासो गरेका छन् । विशेष गरी बैंक तथा बित्तिय संस्थाहरुमा सामाजिक सुरक्षा भत्ता र शिक्षक कर्मचारीको तलबका लागि बढी भिडभाड हुने गरेको छ । अव्यवस्थित देखिएपछि बैंक तथा बित्तिय संस्थाका प्रतिनिधिहरुलाई बोलाएर व्यवस्थापन गर्न सुझाव दिइएको सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम गौतमले जानकारी दिनुभयो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**